प्रदेश सरकार

लुम्बिनी प्रदेश

कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

वर्दियानेपाल ,

पत्र संख्या: ०७८/०७९

सूचना नं.: ०२

## कृषि विकास कार्यक्रम सम्बन्धी
## प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०७८/०६/०६

यस कार्यालयको आ.व. २०७८/७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमको कार्यक्रम लागत साझेदारीमा सन्चालन गर्न इच्छुक बर्दिया जिल्लाका कृषक/कृषि फर्म/कृषि उधमी/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्याले सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७८/०६/२० गते) भित्र यस कार्यालयमा आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ। यस सम्बन्धि थप जानकारी तथा आवश्यक मापदण्डका लागि कार्यालयको सूचना पाटी वा यस कार्यालयको वेभसाईट https://ialdobardiya.lumbini.gov.np/ बाट जिल्लास्तर कृषि विकास कार्यक्रम संचालन विधी, २०७८ डाउनलोड गरी प्रास गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

| क्र.स | कार्यक्रमको नाम | परिमाण | न्युनतम मापदण्ड | संन्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशत) | कार्यक्रम लागु हुने स्थान |
|---|---|---|---|---|---|---|
| १ | वीउ आत्मनिर्भर कार्यक्रम (खाद्यान्न/दलहन/तेलहन) | ५० हे | न्यूनतम क्षेत्रफल<br>खाद्यान्न बाली वीउ:१५० कठ्ठा<br>दलहन/तेलहन : ६० कठ्ठा<br>एकल वा कल्टरमा सामूहिक वीउ उत्पादन गर्न सकिने।<br>वीउविजन कारोबार अनुमतिपत्र लिएको संस्था वा सो संस्थाको समन्वयमा वीउ उत्पादनमा संलग्न हुनु पर्नेछ।<br>अन्य व्यवस्था विधि अनुसार | उत्पादन सामग्री: स्रोत बीउ, सुचिकृत प्रांगारिक मल, विषादी, शुक्ष्म तत्व प्याकेजिगं सामग्री, वीउ प्रमाणीकरण खर्च, प्रशोधन सहयोग, चिस्यान मापन यन्त्र आदि उपकरणहरु । | बार्षिक स्वीकृत बजेटको परिधी भित्र रही प्रति हेक्टर अधिकतम रु ५० हजार मात्र। | जिल्लाभर |
| २ | सिंचित क्षेत्र लक्षित कृषि विकास कार्यक्रम | २ वटा | सिंचित क्षेत्रमा बसन्ते मकै वा चैते धान वा तरकारी वा स्थान विशेष महत्वका बालीका कार्यक्रम संचालन गर्नु पर्ने।<br>न्युनतम क्षेत्रफल(हेक्टर): १<br>बाली उत्पादन गर्दा एकै कलष्टरमा एकल वा सामूहिक खेती गर्नु पर्ने ।<br>बाली सघनता बढाउने योजनालाई प्राथमिकता। | बाली उत्पादन, प्रशोधन तथा बजारीकरणमा प्रयोग हुने सामग्रीहरु। | कुल लागतमा बढीमा ५० प्रतिशत वा प्रति हे अधिकतम रु १ लाख मध्ये जुन कम हुन आउछ। | जिल्लाभर |

२०७८/०६/०६

सन्तोष पाठक
बागबानी विकास अधिकृत(सातौं)

०७८/६/६

कार्यालय प्रमुख

Scanned with CamScanner

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | परवर प्रवर्द्धन कार्यक्रम | १ पटक | सामूहिक वा एकल रुपमा न्युनतम १० कठ्ठा | वाली तथा वस्तु अनुसार उत्पादन, प्रशोधन तथा बजारीकरणका आवश्यक कियाकलापहरु, सामग्री तथा उपकरणहरु | कुल लागतको ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम रु १ लाख। | गुल्मिया न.पा |
| ४ | बगर खेती कार्यक्रम | १० संख्या | सामूहिक वा एकल रुपमा न्युनतम ०.५ हेक्टर | | | जिल्लाभर |
| ५ | रैथाने बाली प्रबर्द्धन तथा बजारीकरण कार्यक्रम | २ संख्या | सामूहिक वा एकल रुपमा न्युनतम १ हेक्टर | | | जिल्लाभर |
| ६ | तरकारी प्रवर्द्धन कार्यक्रम | १२ हे | सामूहिक वा एकल रुपमा न्युनतम १० कठ्ठा | | | जिल्लाभर |
| ७ | स्थानीय आलु प्रवर्द्धन कार्यक्रम | १ पटक | सामूहिक वा एकल रुपमा न्युनतम १ हेक्टर | | | गैरुंगा गा.पा |

संलग्न गर्नु पर्ने कागजातहरु

१ अनुसुची -२ बमोजिम प्रस्तावकको निवेदन।

२ दर्ता प्रमाण-पत्रको प्रतिलिपि-समूह/सहकारी/निजी कृषि फर्म/कम्पनीको हकमा। वीउविजन कारोवार अनुमतिपत्र (वीउको हकमा)।

३ स्थायी लेखा नम्बर प्रमाण पत्र तथा गत आ व को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (निजी फर्म/कम्पनी/सहकारी)।

४ कृषक तथा समूहको हकमा स्थायी लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपी तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी योजना छनौट भईसंकेपछी सम्झौता गर्नु अघि अनिवार्य रुपमा पेश गर्नुपर्ने।

५ कार्यक्रम सन्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव (अनुसुची- ३)।

६ सम्वन्धित स्थानीय तह वा वडाको सिफारिस पत्र।

७ अनुदान माग गरिएको निर्णयको प्रतिलिपि ।

८ प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।

९ सम्भव भए सम्म लागत अनुमान तथा नक्सा (निर्माण गरिने ठुला पूर्वाधारको हकमा)।

१० जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सन्चालन गर्नेको हकमा कम्तिमा ५ वर्षको जग्गा करार सम्झौताको प्रतिलिपि।

११ जग्गा कर (तिरो) तिरेको रसिदको प्रतिलिपि।

१२ प्रस्तावक अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा विगत तीन वर्ष भित्र अनुदान नलिएको स्वघोषणा पत्र।

नोट: बजेट, कार्यक्रम तथा कार्यविधी शंसोधन भई आएमा सोही अनुसार हुनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०७९-४२१२०७ वा सम्वन्धित स्थानीय तहको कृषि विकास शाखामा सम्पर्क गर्नु हुन अनुरोध छ।

२०८०/०५/०५

सन्तोष पाठक
बागबानी विकास अधिकृत(सातौं)

०८०/५/६

नि. कार्यालय प्रमुख

Scanned with CamScanner

CS Scanned with CamScanner